# कृतज्ञता ज्ञापन

उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभागबाट 'नेपाली ऋतुकाव्यहरूको परिवेशपरक अध्ययन' विषयमा आदरणीय प्रोफेसर (डा) घनश्याम नेपालको निर्देशनमा यो शोध कार्य गर्दा मैले विभिन्न पुस्ताकालय, सङ्घ संस्थान, व्यक्ति, लेखक साहित्यकार कवि, प्राज्ञ अनि विद्यार्थी साथीहरूबाट सुझाउ अनि सहयोग लिएको छु। उहाँहरूप्रति आफ्नो कृतज्ञता प्रकट नगरी यो शोध पूर्ण हुने छैन। परमात्माको कृपा, गरुजनको आशिर्वाद अनि आमा बाबाको संस्कारले आज यो काम गर्न सक्ने भएको हुँ। तसर्थ, सर्वप्रथम म परमात्मा श्री राजजीप्रति आफ्नो असीम अनुग्रहका लागि सदैव कृतज्ञ रहने छु। मलाई सदैव जीवनको कर्तव्य बोध गराएर सन्तमार्गमा हिड्ने प्रेरणा दिनुहुने मेरा आध्यात्मिक गुरु श्री १०८ महेन्द्र महाराजप्रति पनि सदैव कृतज्ञ रहने छु। चियाबारीमा चियाको मुना टिपी झरी, बर्खा, र अभावमा पनि आफ्नो संस्कार दिन कहिले पछि नपर्ने मेरी आँटिली आमा श्रीमती मन्जु सुब्बा अनि रात दिन लुगा सिलाएर, लुगा बेचेर, आधा उमेरमा फौजमा गई आफ्नो सन्तानलाई सधैँ पढ्नका लागि प्रेरणा दिई मलाई यहाँसम्म पुऱ्याउनु हुने बाबा श्रीमान मेघबहादुर सुब्बाप्रति आफ्नो कृतज्ञता प्रकट गर्दछु। मलाई प्राथमिकतहदेखि उच्च माध्यामिक, महाविद्यालय र विश्वविद्यालयसम्म आफ्नो ज्ञान अनि माया दिनुहुने सम्पूर्ण शिक्षक शिक्षिकाहरूलाई सम्झना गर्दै कृतज्ञता प्रकट गर्नु चाहन्छु।

यो शोध कार्य गर्दा मैले उत्तर बङ्ग विश्वविद्यालयको पुस्तकालय, दार्जिलिङ सरकारी महाविद्यालय, कालेबुङ महाविद्यालय, सिक्किम विश्वविद्यालय र देशबन्धु पुस्तकालय दार्जिलिङबाट धेरै सहयोग लिएको छु। त्यहाँका शिक्षक शिक्षिका अनि अधिकारीवर्गप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। यो शोध मेरा लागि ठुलो उपलब्धि हो। यस उपलब्धिको कारक भने उत्तर बङ्ग विश्वविद्यालय नेपाली विभाग नै हो। विभागका गुरुजनहरूकै प्रेरणा अनि आशिर्वादले मैले यो शोध कार्य गर्न सकेको हुँ। तसर्थ, डा भीमकान्त उपाध्याय (अवकास प्राप्त), डा मोहन पी दाहाल, डा घनश्याम नेपाल, डा नरेशचन्द्र खाती (अवकास प्राप्त), प्राध्यापक शान्तिराज शर्मा (अवकास प्राप्त), डा कृष्णराज घतानी अनि डा पुष्कर पराजुलीप्रति पनि म नमन गर्दै कृतज्ञता प्रकट गर्न चाहन्छु।

आफूले पढेका, जीवनभरि सङ्कलन गरेका पुस्तकहरू माया गर्दै मलाई आशिर्वादस्वरूप दिनु हुने आदरणीय प्राध्यापक लक्ष्मीकान्त शर्मा (अवकास प्राप्त)-प्रति पनि नमन गर्दै कृतज्ञता प्रकट गर्न चाहन्छु। त्यसै गरी सिक्किम विश्वविद्यालय नेपाली विभागका प्राध्यापकगण डा कविता लामा, डा पुष्प शर्मा, डा समर सिन्हा, डा अरूणा राई अनि प्राध्यापक बलराम पाण्डेलाई पनि सम्झना गर्न चाहन्छु। 'परिवेश विमर्श'-को विषय पाएपछि मैले सबैभन्दा पहिले स्व डा कुमार प्रधानसँग आफ्नो विचार साझा गरेको हुँ। उहाँले पनि पुराना पत्र पत्रिकाहरू दिएर मलाई सहयोग गर्नु भएको थियो। तसर्थ, कुमार सरलाई सम्झना गर्दै म उहाँप्रति कृतज्ञता प्रकट गर्नु चाहन्छु।

'परिवेश विमर्श' बारे पढ्नु भनेर सबैभन्दा पहिले पुस्तक उपलब्ध गराइदिनु हुने प्राध्यापक डा महेश प्रधानप्रति पनि म सधैँ आभारी रहने छु। पुराना पुस्तकहरू नपाउँदा धेरै दुख पाएको थिएँ। कति पुस्तकहरू पुस्तकालयबाट पाउने सकेँ भने कति पाउन सकिनँ तर आफूसँग भएको पुस्तक सहर्ष दिनुहुने प्रोफेसर डा प्रतापचन्द्र प्रधान (अवकास प्राप्त)-लाई पनि सम्झना गर्न चाहन्छु। शैक्षिक उन्नतिका लागि सधैँ मलाई प्रेरणा दिइरहनु हुने मेरा आदरणीय गुरुद्वय प्राध्यापक सञ्जय बिष्ट अनि प्राध्यापक बिनेश प्रधानप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु। डा राजेन्द्र भण्डारी, पेम्पा तामाङ, प्रवीण राई 'जुमेली', सुधीर छेत्री, डा के वानजा (विज्ञान एवम् प्रौद्योगिकी विश्वविद्यालय, कोच्ची) आदिले पनि मलाई पुस्तक अनि सूचनाहरू प्रदान गर्नु भएर मेरो शोधमा सहयोग गर्नु भएको छ। उहाँहरूप्रति पनि म कृतज्ञता प्रकट गर्न चाहन्छु। टाढामा भए पनि पोस्ट गरेर, इमेल गरेर मलाई यस शोधका लागि पुस्तक अनि पत्र पत्रिकाहरू पठाइदिनु हुने कविवर तिलविक्रम नेम्बाङ (बैरागी काइँला) अनि प्राध्यापक डा गीता त्रिपाठी (नेपाल)-लाई सम्झना गर्दै कृतज्ञता प्रकट गर्दछु।

साथीहरूमा भुपेन तामाङ, डपछिरिङ लेप्चा, ज्ञानेन्द्र सुब्बा, बासुदेव थापा, योगेश पन्त, सदीप प्रधान, दीपेन तामाङले पनि आआफ्नो पक्षबाट मलाई यस शोध कार्यका लागि सहयोग गरेका छन्। उनीहरूलाई पनि सम्झना गर्न चाहन्छु। मलाई यो शोध गर्दा कति ठाउँ जाने समय मिल्दैन थियो। तर मेरा विद्यार्थी साथीहरूले आफै गएर पुस्तक र पत्रपत्रिकाहरू खोजेर, ल्याउन सहयोग गरेका छन्। तसर्थ मेरा विद्यार्थी साथीहरू कृष्णकुमार सापकोटा, रत्नबहादुर रसाइली, योगेश लिम्बू, नवराज, कपिल, कृष्णमाया,

नारायणी, रेणुका, रोशनी, विष्णु, खेमकुमारी, हेमलता, शारदा, सरस्वती सबैलाई सम्झना गर्न चाहन्छु। धेरै जानेको छु लाग्थ्यो, अब जान्नु केही छैन जस्तो लाग्थ्यो तर जानेका कुराहरूभन्दा नजानेका धेरै रहेछन् भन्ने ज्ञान आदरणीय प्रोफेसर (डा) घनश्याम नेपाल सरसँग काम गर्दा बुझें मलाई यति लेख्न, पढ्न र पढेर कसरी र के बुझ्नु भन्ने सिकाउनु हुने मेरा शोध निर्देशक नेपाल सरप्रति म आजीवन ऋणि रहने छु। उहाँको कुशल मार्ग दर्शनका साथै उहाँबाट मैले भाषा, दर्शन, विज्ञान आदि विषयका ज्ञान पाएँ। यो शोध गर्दा जानेका भन्दा नजानेका कुराहरू थिए जसलाई आदरणीय सरले सहज रूपमा बताइदिनु हुन्थ्यो। मैले उहाँसँग यो शोध कार्य गर्दा जान्न र बुझ्न धेरै छन् र जानिएका र बुझिएका कुराहरू थोरैका पनि थोरैभन्दा पनि थोरै हुन् भन्ने अनुभव गर्न सकें। उहाँको लगन अनि साहित्य साधनबाट म प्रेरित छु। आदरणीय सरलाई म आन्तरिक हृदयबाट कृतज्ञता अर्पण गर्न चाहन्छु।

अन्तमा, मेरो शोध कार्यलाई कुनै बाधा नपुगोस्, कुनै अपठ्यारो नपरोस् भन्ने सोचेर मेरै लागि समय अनि व्यवस्था ठिक ठिक मिलाई दिने, म व्यस्त हुनु पर्ने ठाउँहरूमा, मैले पुरा गर्नुपर्ने जिम्मेवारीलाई आफै गएर, पुगेर सबै ठाउँ सन्तुलन बनाइ मलाई मेरो शोध कार्यका लागि ठुलो अवकास निर्माण गरिदिने मेरी श्रीमती शारदा प्रधान सुब्बा र हाम्रो सानो मुटु छोरी कादम्बरी (पिकु)-लाई पनि सम्झना गरेको छु।

Dewchandra Subba

Dewchandra Subba
Department of Nepali
University of North Bengal